आज मिति २०८२ साल असार २४ गते मङ्गलबारका दिन मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम निम्न पदाधिकारीहरूको उपस्थितिमा नगरकार्यपालिकाको ५९ औं बैठक बसी देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोका | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी [illegible]री | | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | श्री सुरज श्रेष्ठ | | |
| आमन्त्रित | | | | | |
| २४. | अधिकृत सातौं | मण्डनदेउपुर न.पा. | श्री विष्णु कुमार अधिकारी | | |
| | | | | | |

## २०८२/०३/२४ गतेको नगर कार्यपालिकाको ५९[औं] बैठकको एजेन्डाहरू

१. मिति २०८२/०३/०९ गते बसेको कार्यपालिकाको ५८[औं] बैठकको निर्णय समीक्षा सम्बन्धमा।
२. नगरसभाको १७[औं] अधिवेशन सम्पन्न गर्न सिफारिस गर्ने सम्बन्धमा।
३. विभिन्न मितिमा गरिएका आर्थिक समेत विविध निर्णयहरु अनुमोदनका लागि नगरसभामा पेश गर्ने सम्बन्धमा।
४. मण्डनदेउपुर नगरपालिकामा करार/ज्यालादारीमा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा।
५. विभिन्न संघसंस्थालाई आर्थिक सहयोग सम्बन्धमा ।
६. उद्योग तथा व्यवसायहरुको करको जरिवाना छुट सम्बन्धि छलफल गरि नगरसभामा पेश गर्ने सम्बन्धमा ।
७. अस्थाई/करार सेवाका लागि विभिन्न दरबन्दी थप सम्बन्धमा ।
८. नगरपालिका, प्रदेश र संघसँग लागत साझेदारी योजनाहरुको सम्बन्धमा ।
९. विभिन्न नदिजन्य सामग्रीहरुको स्टक प्रमाणित गर्ने सम्बन्धमा ।
१०. आ.व. २०८२/०८३ को दहत्तरबहत्तरको ठेक्का सम्झौता नहुँदासम्म अमानतमा राजश्व संकलन गर्ने सम्बन्धमा।
११. योजना अनुगमन सम्बन्धि कार्य अनुमोदन सम्बन्धमा ।
१२. विविध

### निर्णयहरु

**निर्णय नं.१**

मिति २०८२/०३/०९ गतेको कार्यपालिकाको ५८[औं] बैठकका निर्णय समिक्षा गरियो ।

**निर्णय नं.२**

नगरसभाको १७[औं] अधिवेशन सम्पन्न गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

विभिन्न मितिमा गरिएका आर्थिक समेत विविध निर्णयहरु अनुमोदनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

मण्डनदेउपुर नगरपालिकामा करार/ज्यालादारीमा कार्यरत कर्मचारीहरुको मिति २०८२ साउन ०१ गतेदेखि लागु हुने गरी २०८३ असार मसान्तसम्मका लागि म्याद थप गर्ने निर्णय गरियो

**निर्णय नं.५**

क. सेवक नेपानलाई नगरपालिकाको तर्फबाट देउसी भैलो दान स्वरुप रु.५१,०००/- (अक्षरुपी एकाउन्न हजार रुपैया मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

ख. श्री पञ्चकन्या महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.लाई सेफ हाउसका लागि रु.१५०,०००/- (अक्षरुपी एक लाख पचास हजार रुपैया मात्र) अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं.६**

नगरपालिकाभित्र सञ्चालित उद्योग तथा व्यवसायहरुको आ.व.२०८१/०८२ सम्म नतिरेको करको जरिवानामा छुट दिन मिल्ने/नमिल्ने व्यवस्था र करको मुल्य संशोधन सम्बन्धि बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयलाई राय माग गर्ने निर्णय गरियो।

**निर्णय नं.७**

नगरपालिका तथा नगर अस्पतालका संचलानका लागि आवश्यकता अनुसार अस्थाई/करार सेवाको दरबन्दी थप गरि स्वीकृतीका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**

नगरपालिका, प्रदेश र संघसँगको सम्पन्न हुन नसकेका लागत साझेदारी योजनाहरुको लागि बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**

आ.व. २०८२/०८३ को दहत्तरबहत्तरको ठेक्का सम्झौता नहुँदासम्म नगरपालिकाको कर्मचारी खटाई अमानतमा राजश्व संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**

नगर उप-प्रमुखको संयोजकत्वमा गठित नगरस्तरीय अनुगमन समिति मार्फत अनुगमन भई भुक्तानी सिफारिस भएका सम्पूर्ण योजना तथा कार्यक्रमहरु कार्यपालिका बैठकबाट सर्व-सहमतीका साथ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२ विविध**

क. यस मण्डनदेउपुर नगरपालिका वडा नं.६ डुम्रीडाँडा स्वास्थ्य केन्द्रमा कार्यरत सुदिप दाहाल जिल्ला पूर्णखोप सुनिश्चितता घोषणा कार्यक्रमबाट फर्कने क्रममा मोटरसाईकल दुर्घटना भई हात भाँचिएकोले निजको उपचारका लागि रु.२५०००/- (अक्षरुपी पच्चीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

ख. नगरपालिकामा सुरक्षा गार्ड सेवाका लागि काभ्रे भू.पू. सैनिक सेक्यूरिटी सप्लायर्स कम्पनि प्रा.लि.सँग सम्झौता नविकरण गर्ने निर्णय गरियो । साथै सुरक्षा गार्डलाई खाना खर्च वातप प्रतिव्यक्ति प्रतिदिन रु.२५०/- का उपलब्ध गराउने निर्णय गरियो ।

ग. मण्डनदेउपुर नगरपालिका वडा नं.७ सोतेमा रहेको खानेपानीको विद्युत ट्रान्समिटर चोरी भएकोमा नँया ट्रान्समिटर जडान गर्दा तपसिल बमोजिमका व्यक्तिहरुको ५ रोपनी मकै नोक्सान भएको हुँदा प्रतिव्यक्ति रु.१५००/- का दरले क्षतिपुर्ति दिने निर्णय गरियो ।

| क.सं. | नाम थर | रकम | कैफियत |
|---|---|---|---|
| १ | दल बहादुर राई | १५००/- | |
| २ | सुर्य बहादुर राई | १५००/- | |
| ३ | अर्जुन बहादुर राई | १५००/- | |
| ४ | राम कान्छा राई | १५००/- | |
| ५ | कृष्ण बहादुर राई | १५००/- | |
| ६ | राम बहादुर राई | १५००/- | |
| ७ | राजेन्द्र राई | १५००/- | |
| ८ | भिम बहादुर राई | १५००/- | |
| ९ | विष्णु राई | १५००/- | |
| १० | राम ठुलो राई | १५००/- | |

घ. मण्डनदेउपुर नगरपालिका वडा नं.११ मसार मगरगाँउ जोखिमयुक्त बस्ति स्थानान्तरण गर्नु पर्ने भएकोले सोही वडाभित्र जग्गा एकिन गरी स्थान छनौटका लागि वडा कार्यालयको सिफारिस अनुसार कार्यन्वयन गर्ने निर्णय गरियो ।

ङ. नगरकोट गेट छेउदेखि महाकाली मा.वि. सम्मको खण्डमा कालोपत्रे गर्न बाँकी रहेकोले आवश्यक वजेट व्यव्थापन गर्ने निर्णय गरियो ।

च. डेडिथुम्का मा.वि.लाई बिग स्कुलको रुपमा संचालन गर्न सम्भाव्यता अध्ययनको लागि बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।